गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np
PAN 500046719

चलानी नं.११२७/११०९४४/०८०/०८१

मितिः २०८०/१०/१५

श्रीमान् प्रमुखज्यू,
नेपाल स्टक एक्सचेन्ज लि,
सिंहदरवार प्लाजा, काठमाडौं ।

विषयः सञ्चालकहरुको निर्विरोध निर्वाचित तथा संचालक समितिका अध्यक्ष चयन गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा मिति २०८०/१०/१५ मा सम्पन्न २९ औं वार्षिक साधारण सभाको निर्णयानुसार एक जना महिला सहित संस्थापक शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधि गर्ने संचालक पद २ र सर्वसाधारण शेयरधनीका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद २ को निर्वाचनमा दुबै तर्फको शेयरधनीहरुको तर्फबाट निर्वाचन नभई निर्विरोध निर्वाचित हुनुका साथै मिति २०८०/१०/१५ मा बसेको संचालक समितिको ४१७ औं बैठकको निर्णयानुसार श्री दिलीप कुमार मुनंकमीज्यूलाई संचालक समितिको अध्यक्ष पदमा सर्वसम्मतिबाट चयन गर्नु भएकोले संचालक समितिको बैठकको प्रतिलिपि सहित तहाँको जानकारीका लागि हार्दिक अनुरोध गर्दछु ।

| संचालक समिति | पद | कार्यकाल | समूह |
|---|---|---|---|
| १. श्री दिलीप कुमार मुनंकर्मी | अध्यक्ष | ४ बर्ष | संस्थापक |
| २. श्री जेनी जोशी | संचालक (महिला) | ४ बर्ष | संस्थापक |
| ३. श्री पशुपति भक्त श्रेष्ठ | संचालक | ४ बर्ष | सर्वसाधारण |
| ४. श्री उदयश्वर श्रेष्ठ | संचालक | ४ बर्ष | सर्वसाधारण |

भवदीय,

स्वयम्भू शाक्य
कम्पनी सचिब

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक
वित्तीय संस्था सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाडौं ।

२. श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय.,
त्रिपुरेश्वर, काठमाडौं ।

४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.,
पुतलीसडक, काठमाडौं ।

५. श्री नेपाल धितोपत्र बोर्ड,
गोदावरी रोड, ललितपूर ।

६. श्री एन आई बि.एल.एस क्यापिटल मार्केट्स लि.,
लाजिम्पाट, काठमाडौं ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np
PAN 500046719

## संचालक समितिको ४१७ औं बैठकको निर्णय उतार

मिति २०८० साल माघ १५ गतेका दिन यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष चयन गर्न उनान्तीसौ बार्षिक साधारण सभाबाट निर्विरोध निर्वाचित हुनु भएका संचालकहरुमध्येबाट जेष्ठताको आधारमा श्री पशुपति भक्त श्रेष्ठज्यूको अध्यक्षतामा संचालक समितिको ४१७ औं बैठक दिनको ३:०० बजे संस्थाको रजिष्टर्ड कार्यालय हात्तिसारमा बसी निम्न लिखत निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| | |
|---|---|
| १. श्री पशुपति भक्त श्रेष्ठ | अध्यक्ष |
| २. श्री दिलीप कुमार मुनंकर्मी | संचालक |
| ३. श्री जेनी जोशी | संचालक (महिला) |
| ४. श्री उदयश्वर श्रेष्ठ | संचालक |
| ५. प्रा. डा. श्री सुशिल भक्त माथेमा | स्वतन्त्र संचालक |
| ६. श्री विश्व प्रकाश साख: | निवर्तमान अध्यक्ष (आमन्त्रित) |

निर्णय नं. १

मिति २०८०/१०/१५ मा सम्पन्न २९ औं वार्षिक साधारण सभामा एक जना महिला सहित संस्थापक शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद २ (दुई) र सर्वसाधारण शेयरधनीका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने पद २ (दुई) समेत गरी जम्मा ४ जनाको निर्वाचनमा निर्वाचन नभई निर्विरोध निर्वाचित हुनु भएकाले संचालक समितिको अध्यक्षको चयन गर्नको लागि प्रस्तावक प्रा. डा. श्री सुशिल भक्त माथेमा र समर्थकमा श्री जेनी जोशीले यस संचालक समितिमा प्रतितिधित्व गर्ने संचालक श्री दिलीप कुमार मुनंकर्मीज्यूलाई अध्यक्ष पदको लागि राखेको प्रस्ताव र समर्थनमा सम्पूर्ण संचालकहरुबाट समर्थन गर्नु भएकोले श्री दिलीप कुमार मुनंकर्मीज्यूलाई यस वित्तीय संस्थाको संचालक समितिको अध्यक्ष पदमा चयन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो । साथै अध्यक्ष श्री दिलीप कुमार मुनंकर्मीज्यूको सपथ ग्रहण श्री नेपाल राष्ट्र बैंकमा सम्पन्न हुने भएकोले सोही अनुसार गर्ने निर्णय गरियो ।

स्वयम्भू शाक्य
कम्पनी सचिव